# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/११/०२ गते

## प्रेस विज्ञप्ति

**विषय: कार्यवाहक प्रमुख आयुक्तद्वारा निर्देशन।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले आम नागरिकको अपेक्षा अनुरुप आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारी र निष्ठाका साथ तोकिएकै समयमा सम्पादन गर्न आयोगमा कार्यरत कर्मचारीलाई निर्देशन दिनु भएको छ । उहाँले आयोगको काम कारवाहीले जनमानसमा सकारात्मक सन्देश प्रवाह गराउन सक्नु पर्ने कुरामा समेत जोड दिनुभएको छ।

कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारी सम्हालेपछि आज आयोगमा कार्यरत सबै तहका कर्मचारीहरुलाई निर्देशन दिँदै उहाँले आयोगलाई नीति र पद्धतिबाट अगाडि बढाउन आफूले सक्दो प्रयत्न गर्ने बताउनुभयो । कार्यवाहक प्रमुख आयुक्त घिमिरेले अनुसन्धानको प्रक्रियालाई छिटो, छरितो र सहज ढंगबाट सम्पादन गर्ने दिशामा केन्द्रित हुन सबैलाई निर्देशन दिनुभयो ।

आयोगले अघिसारेका सुधारका विषयमा सबै कर्मचारीले आत्मसात गरेर काम गरेमा आयोगको गरिमा र मर्यादालाई कायम राख्न सकिने उल्लेख गर्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यसले सर्वसाधारणमा पनि सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गर्नुभयो ।

श्री घिमिरेले आज फागुन २ गतेदेखि कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारी सम्हाल्नु भएको हो । उहाँ वि.सं. २०७१ साल चैत १९ गते आयोगको आयुक्तमा नियुक्त हुनुभएको थियो ।

उक्त निर्देशन कार्यक्रममा आयोगका सचिव डा. राजन खनालले आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउन सबैले आ - आफ्नो जिम्मेवारी इमान्दारीका साथ पालना गर्नुपर्ने बताउनु भयो ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता